**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ जनवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मुले एक राष्ट्र एक चुनाव विधेयकले देशको सुशासनको शर्तहरुलाई पुनः परिमाणित गर्ने बताउनु भयो |

**२.** .राष्ट्रपतिले भन्नु भयो उपनिवेशवादक प्रतिकहरुलाई क्रमशःमेटाउने कार्य भारत सरकारले गरि रहेकोछ जसमा भारतीय न्याय सहित उल्लेखनीय रहेको छ |

**३.** आज देशले 76औ गणतंत्र दिवस मनाईरहेको छ ।यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीको कर्तव्य पथमा गणतंत्र दिवस परेडको सलामी लिनुहुनेछ ।

**४.** राष्ट्रपति द्रौपदी मुर्मु ले 76औ गणतंत्र दिवसको पूर्व संध्यामा 93 वीरता पुरस्कारहरुको घोषणा गर्नु भएको छ।

**५.** पुरुष क्रिकेटमा, भारतले हिज बेलुकी दोस्रो टी20 क्रिकेट मैचमा इंग्लैंडलाई पराजित गरेको छ।

**राष्ट्रपति का संदेश**

76 औं गणतंत्र दिवसको पूर्व संध्यामा देशवासीहरूलाई सम्बोधित गर्दै राष्ट्रपति द्रौपदी मुर्मुले हिजो भन्नु भयो - संसदमा पेश 'एक राष्ट्र एक चुनाव' विधेयकमा सुशासनका शर्तहरूलाई पुनः परिभाषित गरिएको छ।। उहाँले भन्नु भयो -'एक राष्ट्र एक चुनाव' योजनाले शासनमा निरंतरतालाई बढ़ावा दिन सक्छ, नीति निर्धारण सित संबंधित निष्क्रियतालाई समाप्त गर्न सकिन्छ, संसाधनहरूको उचित प्रयोग र वित्तीय बोझलाई कम गर्न सकिन्छ। राष्ट्रपति द्रौपदी मुर्मुले अझ भन्नु भयो यस प्रकारका ठूला सुधारहरूका लागि दूरदर्शिता आवश्यक छ। उहाँले भन्नु भयो-सन् 1947 देखि देशमा औपनिवेशिक मानसिकताको कैयन प्रतीकहरूलाई फेर्ने ठोस प्रयास जारी छ। श्रीमती मुर्मु आफ्नो समबोधनमा भन्नु भयो भारतीय दंड संहिता, दंड प्रक्रिया संहिता र भारतीय साक्ष्य अधिनियमको स्थानमा भारतीय न्याय संहिता, भारतीय नागरिक सुरक्षा संहिता अनि भारतीय साक्ष्य अधिनियम ल्याउने निर्णय यी प्रयासहरूमा सब भन्दा उल्लेखनीय प्रयास रहेको छ। उहाँले भन्नु भयो नयाँ अधिनियमहरूले दंडको स्थानमा न्याय प्रदान गर्ने भावनालाई आपराधिक न्याय प्रणालीको केन्द्रमा राखेको छ। उहाँले यो पनि भन्नु भयो यस नया कानूनमा महिलाहरू र नानीहरू विरूद्धका अपराधहरूमाथि लगाम लगाउने विषयलाई सर्वोच्च प्राथमिकता दीइएको छ।

**बाइट-राष्ट्रपति-**

राष्ट्रपतिले भन्नु भयो हाम्रो संविधान एक जीवंत दस्तावेज बनेको छ कारण सदियौं देखि नागरिकहरूको निष्ठा हाम्रो नैतिकता-परक जीवन-दृष्टिको प्रमुख भाग रहेका छन्। उहाँले थप भन्नु भयो हाम्रो संविधानले विगत 75 वर्षहरू देखि देशको प्रगतिको मार्गलाई प्रशस्त गरेको छ।। श्रमती मुर्मुले संविधान लेखन समितिका अध्यक्ष डॉ. बी.आर. अंबेडकर र संविधान सभाका अन्य प्रतिष्ठित सदस्यहरू प्रति आभार व्यक्त गर्नु भयो।

राष्ट्रपति मुर्मुले भन्नु भयो संविधान सभामा देशका सबै क्षेत्रहरू र समुदायहरूको प्रतिनिधि शामिल थिए।

बाइट-राष्ट्रपति-

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नु भयो - गणतंत्र दिवस सबै नागरिकहरूका लागि एउटा ठूलो सामूहिक हर्ष र गर्वको विषय हो। श्रीमती मुर्मुले भन्नु भयो भारतलाई विश्वको प्राचीनतम सभ्यताहरूमा ज्ञान र विवेकको उदगम मानिन्थियो। राष्ट्रपतिले ती महान वीरहरूली स्मरण गर्नु भयो जसले मातृभूमिलाई विदेशी शासनको सिकलहरू देखि मुक्त गराउनका लागि बलिदान दिए। राष्ट्रपतिले भन्नु भयो भारत यो वर्ष भगवान बिरसा मुंडाको 150वऔं जयंती मनाइरहेको छ। उहाँले भन्नु भयो यो देशको सौभाग्य हो कि महात्मा गांधी, रवींद्रनाथ टैगोर र बाबासाहेब अंबेडकर जस्ता महान मनिसहरूले हाम्रो देशको लोकतांत्रिक मूल्यहरूलाई फेरि जीवंत बनाए। राष्ट्रपतीले यो कुरा माथि जोर दिनु भयो कि न्याय, स्वतंत्रता, समानता र भाईचारा संधै भारतको सभ्यतागत विरासतको अभिन्न अंग रहेको छ।

राष्ट्रपति द्रौपदी मुर्मुले हालका वर्षहरूमा भारतको आर्थिक विकास दरमा लगातार बढेत्तरी भइरेहोक भन्दै, युवाहरूका लागि

रोजगारको अवसर उत्पन्न भएको छन् तथा किसानहरू र मजदूरहरूको आय बढेको छ भन्नु भयो। उहाँले साहसिक र दूरदर्शी आर्थिक सुधारहरूको बलमा आउने वर्षहरूमा प्रगतिको यो गति झन भढ्ने छ भनि बताउनु भयो। राष्ट्रपतिले भन्नु भयो समावेशी विकास हाम्रो प्रगतिको आधारशिला हो, जसले गर्दा विकासका लाभहरू व्यापक स्तरमा बढी भन्दा बढी मानिसहरू सम्म पुग्दछ।

बाइट-राष्ट्रपति-

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नु भयो वंचित वर्गहरू, खास गरि अनुसूचित जाति, अनुसूचित जनजाति र अन्य पिछड़े वर्गहरूको मददका लागि सरकारले हर संभव प्रयास गरि रहेको छ।

राष्ट्रपति द्रौपदी मुर्मुले वित्तिय क्षेत्रमा सरकार द्वारा प्रौद्योगिकीको उपयोगको सराहना गर्नु भयो। उहाँले भन्नु भयो डिजिटल भुगतान विकल्पहरू र प्रत्यक्ष लाभ हस्तांतरण प्रणालीले समावेशनलाई बढ़ाएको छ

****** ० ******

**प्रधानमंत्री-राष्ट्रपति भाषण**

प्रधानमंत्री नरेन्द्र मोदीले गणतंत्र दिवसको पूर्वसंध्यामा राष्ट्रको नाममा गरेको प्रेरणादायी सम्बोधनकोलागी राष्ट्रपति द्रौपदी मुर्मुलाई धन्यवाद दिनुभएको छ । एक सोशल मीडिया पोस्टमा उहाँले राष्ट्रपतिको संबोधनमा संविधानको महानता र राष्ट्रको प्रगतिको लागी कार्य गर्नुपर्ने आवश्यकता सहित कयौं विषयहरु समेटिएको बताउनुभयो।

****** ० ******

**प्रधानमंत्री-पद्मपुरस्कार**

प्रधानमंत्री नरेंद्र मोदीले सबै पद्म पुरस्कार विजेताहरुलाई बधाई दिनुभएको छ । एक सोशल मीडिया पोस्टमा, श्रीमोदीले भन्नु भयो , यी विजेताहरुको असाधारण उपलब्धिहरुको सम्मान गर्न पाउदा भारत गौरवान्वित छ। उहाँले भन्नु भयो उनीहरुको समर्पण र दृढ़ता साँच्चै प्रेरणादायी छ । श्री मोदीले भन्नु भयो प्रत्येक पुरस्कार विजेता कड़ा मेहनत, जुनून र नवीनताको पर्याय हो , जसले अनगिन्ति मानिसहरुको जीवनमा सकारात्मक प्रभाव पारेको छ ।

****** ० ******

**गणतंत्र दिवस परेड**

आज राष्ट्रले 76औ गणतंत्र दिवस मनाईरहेको छ । राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीको कर्तव्य पथमा गणतंत्र दिवस परेडको सलामी लिनुहुनेछ । परेड बिहान साढे दस बजे आरंभ हुनेछ र लगभग 90 मिनटसम्म जारी रहनेछ । हाम्रो संवाददाताको रिपोर्ट :-

****** ० ******

**राष्ट्रपति-वीरता पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मु ले 76औ गणतंत्र दिवसको पूर्व संध्यामा 93 वीरता पुरस्कारहरुको घोषणा गर्ज्नुभएको छ। यसमा सशस्त्र बल अनि केंद्रीय सशस्त्र पुलिस बलका कर्मीहरु, जसमा 11 जनालाई मरणोपरांत पुरस्कार प्रदान गरिने छ । यसमा एक मरणोपरांत सहित दुई कीर्ति चक्र, तीन मरणोपरांत सहित 14 शौर्य चक्र, एक सेना पदक वीरता बार, सात मरणोपरांत सहित 66 सेना पदक, दुई नौसेना पदक अनि आठ वायु सेना पदक शामिल छन्।

**राष्ट्रपति-तटरक्षक पदक**

राष्ट्रपति द्रौपदी मुर्मूले 76औ गणतंत्र दिवसको पूर्व संध्यामा भारतीय तटरक्षक कर्मिहरुको लागी राष्ट्रपति तटरक्षक पदक र तटरक्षक पदक स्वीकृत् गर्नुभएको छ । यस पुरस्कारले तटरक्षकहरुको अदम्य साहस, कर्तव्य परायणता, समर्पण र उनीहरुको सराहनीय सेवालाई मान्यता दिदछ। राष्ट्रपतिले विशिष्ट सेवा र अदम्य साहसको लागी उल्लेखित 58 उल्लेखित-**इन-डिस्पैचेज**लाई पनि मंजूरी दिनुभएको छ , यसमा चार मरणोप्रांत सशस्त्र बल कर्मिहरुको नाम उल्लेखित छ । सूचीमा भारतीय सेनाका 55 सशस्त्र बल कर्मी शामेल छन् । यसमा चार मरणोप्रांत कर्मिहरु सहित 14 कर्मिहरुको ऑपरेशन रक्षकको लागी , आठ ऑपरेशन स्नो लेपर्डको लागी , छह ऑपरेशन हिफ़ाज़तको लागी र दुई रक्षा कर्मिहरुको ऑपरेशनको सहायताको लागी पदक प्रदान गरिएको छ ।

****** ० ******

## लोकसभा अध्यक्ष - गणतंत्र दिवस

लोकसभा अध्यक्ष ओम बिरलाले 76औ गणतंत्र दिवसको अवसरमा देशवासिहरुलाई शुभकामना दिनुभएको छ । श्री बिरलाले आफ्नो संदेशमा भन्नु भयो 75 वर्षको गौरवशाली यात्रामा भारत अधिक सशक्त र समृद्ध भएको छ । उहाँले भन्नु भयो देशले कृषिदेखि खेल र धरतीदेखि अंतरिक्षसम्म कयौं महत्वपूर्ण उपलब्धिहरु हासिल गरेको छ । श्री बिरलाले भन्नु भयो देशका प्रत्येक नागरिकले लोकतांत्रिक प्रक्रियामा भागीदारी बढ़ाउने संकल्प लिनु पर्नेछ स्वाधिनता संग्राममा महत्वपूर्ण भूमिका निर्वाह गर्ने र र संविधान निर्माणमा योगदान पुर्याउने महान व्यक्तित्वहरुको **स्मरण गर्दै** ।

****** ० ******

## महाकुंभ-गणतंत्र दिवस

गणतन्त्र दिवसको अवसरमा महाकुम्भको गङ्गा मण्डपमा विशेष गरी भारतको अद्वितीय सांस्कृतिक सौन्दर्यझल्कने प्रस्तुतिहरू प्रस्तुत गरिनेछ। यसले श्रद्धालुहरु पर्यटकहरुलाई एक अद्वितीय अनुभव प्रदान गर्नेछ। हाम्रो संवाददाताले बताए अनुसार यो कार्यक्रम आध्यात्मिकता, भारतीय संस्कृति र देशप्रतिको प्रेमले भरिएको हुनेछ ।

****** ० ******

## क्रिकेट

पुरुष क्रिकेटमा, भारतले हिज बेलुकी दोस्रो टी20 क्रिकेट मैचमा इंग्लैंडलाई पराजित गरेको छ। चेन्नई को एम.ए चिदंबरम स्टेडियममा 166 रनको लक्ष्य पच्याउदै भारतले 19 ओवर 2 बलमा आठ विकेट गुमाएर म्याच जितेको छ। वाशिंगटन सुंदरले 19 बलमा 26 रन बनाए। तिलक वर्माको 55 बलमा 72 रनको शानदार पारीका लागी उनलाई **प्लेयर ऑफ द मैच चयन गरिएको छ** । पहिला ब्याटिंग गर्दै इंग्लैंडले निर्धारित 20 ओवरमा 9 विकेट गुमाएर 165 रन बनाएको थियो। इंग्लैंडका कप्तान जोस बटलरले सर्वाधिक 45 रन बनाएका थिए। भारतका लागी अक्षर पटेल अनि वरुण चक्रवर्तीले दुइ-दुइ विकेट लिएका थिए। इंग्लैंडका लागी ब्रायडन कार्स ले तीन विकेट लिए। यस जीत संगै, भारत पांच मैचहरुको श्रृंखलामा 2-0 ले अघि भएको छ। श्रृंखलाको तेस्रो टी20 मैच 28 जनवरीमा गुजरातको राजकोटमा खेलिनेछ।